# केदारस्युँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः२ मितिः२०८१।१०।०२

भागः १

## केदारस्युँ गाउँपालिका योजना अनुगमन कार्यबिधी, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०९।२४

प्रस्तावनाः केदारस्युँ गाउँपालिकाद्वारा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागिता मूलक बनाई शुशासन प्रबर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकाले,

केदारस्युँ गाउँकार्यपालिकाले यो कार्यबिधी बनाई कार्यान्वयनमा ल्याएको छ ।

### परिच्छेदः-१ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यबिधिको नाम "केदारस्युँ गाउँपालिका योजना अनुगमन कार्यबिधी, २०८१" रहेकोछ।

(२) यो कार्यबिधी राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा,

(क) "अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रबाह समुचित ढङ्गले भएको छ /छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धि हासिल भएको छ /छैन

केदारस्युँ गाउँपालिका

भनि गाउँ कार्यपालिका द्वारा तोकिएको पदाधिकारी तथा कर्मचारीहरु द्वारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्दछ ।

(ख) "अनुगमन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन समिति सम्झनु पर्दछ।

(ग) "कार्यबिधी" भन्नाले केदारस्युँ गाउँपालिकाको योजना अनुगमन कार्यबिधी, २०८१ लाई सम्झनु पर्दछ।

(घ) "गाउँपालिका" भन्नाले केदारस्युँ गाउँपालिका सम्झनु पर्दछ।

## परिच्छेद-२

३. **अनुगमन समितिः** (१) गाउँपालिकामा सञ्चालित योजना,आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखि बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन समिति रहनेछः

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुखप्रशासकिय अधिकृत -सदस्य

(ग) गाउँकार्यपालिकाले तोकेको एक महिला सहित दुई जना कार्यापालिका सदस्य -सदस्य

(घ) भौतिक पुर्वाधार तथा प्राबिधीक शाखा प्रमुख तथा निजले तोकेको प्राबिधीक- सदस्य

(ङ)योजना तथा अनुगमन शाखा प्रमुख -सदस्य सचिव

तर समितिमा गाउँकार्यपालिकाका अन्य सदस्य सम्बन्धित क्षेत्र हेर्ने प्राबिधिक तथा बिषय बिज्ञलाई र सम्बन्धित वडाका वडा स्तरिय योजना अनुगमन गर्दा वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

(२) वडा स्तरिय समितिः आफ्नो वडा भित्र संचालित योजनाको लागत परिमाण समय सिमा र गुणस्तरका बारेमा अध्ययन गरि पालिका स्तरिय अनुगमन समिति मार्फत गाँउपालिकालाई पृष्ठपोषण दिनाको लागि निम्नानुसारको वडा स्तरिय अनुगम समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरु -सदस्य

(ग) सम्बन्धित वडाको प्राबिधिक कर्मचारी -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

तर समितिमा आवस्यकता अनुसार अन्य कर्मचारी तथा बिज्ञलाई आमन्त्रण गर्न सकिन्छ ।

केदारस्युँ गाउँपालिका

(३) गाउँपालिका वा वडा स्तरबाट सञ्चालित रु पाँच लाख भन्दा बढीका योजनाहरुको हकमा अनुगमन समितिले अनिबार्य अनुगमन गरी **अनुसूची १** बमोजिमको प्रतिबेदन दिनुपर्नेछ भने पाँच लाख भन्दा तलका योजनाहरुको अनुगमनका लागि वडा समितिलाई अधिकार प्रदान गर्न सकिनेछ ।

(४) वडा स्तरमा सञ्चालित कुनै पनि योजना हरुको अनुगमन वडा समितिबाट पनि निरन्तररुपमा गरिनेछ। उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत गाउँपालिका स्तरिय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

४. <u>अनुगमन समितिको काम,कर्तव्य र अधिकारः</u> (१) दफा ३को उपदफा(१) बमोजिम गठित गाउँपालिका स्तरिय अनुगमन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) गाँपालिकामा सञ्चालित आयिजना तथा कार्यक्रमहरुको नियमित वा आवधिक अनुगमन गर्ने।

(ख) योजना,आयोजना तथा कार्यक्रमहरुको सञ्चालनको क्रममा गाउँसभा तथा गाउँकार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा उत्पन्न भएका बिबादहरु उचित ढंगले ब्यब्सथापन गर्ने ।

(घ) अनुगमन प्रतिवेदन तयार गरि पेश गर्ने ।

(ङ) गाउँसभा,गाउँकार्यपालिका तथा अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने।

(च) अन्तिम अनुगमनका क्रममा उपभोक्ता समिति वा प्राबिधिक बाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमि कमजोरी गरेको वा प्राबिधिक इस्टमेट बमोजिम कार्य नभएको पाइएमा कारबाहीका लागि सिफारिस गर्ने ।

**(५) अनुगमन** सुबिधाः परिच्छेद २ को दफा (१) र (२) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुबिधा प्राप्त गर्नेछन् ।

(क) जनप्रतिनिधिको अनुगमन सुबिधा प्रदेश कानूनमा तोके बमोजिम हुनेछ ।

(ख) कर्मचारीको अनुगमन तहगत रुपमा निर्धारण गरिएको दैनिक भ्रमणभत्ता बराबरको रकम ।

(ग) यस कार्यबिधी अनुसार अनुगमन गर्दा गाउँपालिका स्तरिय अनुगमन समितिले तोकिए बमोजिमको कन्टिन्जेन्सी रकमबाट अनुगमन भत्ता पाउनेछन् ।

(घ) यस कार्यबिधी अनुसार अनुगमन गर्दा वडापालिका स्तरिय अनुगमन समितिले तोकिए बमोजिमको कन्टिन्जेन्सी रकमबाट अनुगमन भत्ता पाउनेछन् ।

(ङ) कन्टिन्जेन्सी खर्च गर्दा सार्बजनिक खरिद ऐन, नियमावली, आर्थिक ऐन, नियमावली, तथा आयोजना सञ्चालन सम्बन्धी कार्यबिधी अनुरुपको प्रक्रिया अबलम्बन गर्नुपर्नेछ।

## परिच्छेद-४
## प्रतिवेदन सम्बन्धी ब्यबस्था

५. <u>अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने:</u>(१) समितिले अनुगमन सम्पन्न भए पश्चात बैठक बसि छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट संकलन गरिएका सुचना तथा विवरण समेतका आधारमा प्रतिवेदन तयार गरि अनुगमन सम्पन्न भएको मितिले सात दिन भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्बन्धीत योजना वा कार्यक्रमको अवस्था झल्किने गरि लिइएका तस्विर समेत संकलन गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको अनुगमन प्रतिवेदन सदस्य सचिवले तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम तयार भएको प्रतिवेदन समितिका संयोजक मार्फत छलफलको निमित्त कार्यपालिकाको बैठकमा प्रस्तुत गरिनेछ ।

(५) योजना तथा कार्यक्रमको अनुगमनमा खटिने जनप्रतिनिधि तथा कर्मचारीहरुले अनुसुची २ बमोजिमको योजना अनुगमन लगबुक भर्नपुर्नेछ ।

६. <u>प्रतिवेदन उपर कारबाही:</u>(१) अनुगमन समितिले दफा ५ बमोजिम तयार गरिने अनुगमन प्रतिबेदनमा देहायका बिषयहरु समावेश गर्नु पर्नेछ ।

(क) स्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्विकृत बजेट र समय तालिका अनुसार भए नभएको ,

(ख) अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हाशिल भए नभएको ।

(ग) कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्तपरता के कस्तो छ,

(घ) कार्यान्वयनमा के कस्ता समस्या बाधा र व्यवधानहरु देखिएका छन् र तिनको समाधानका निमित्त के कस्ता उपायहरु अबलम्बन गर्नु पर्छ ।

(२) समितिले वडा स्तरिय अनुगमन समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका बिषयलाई समेत आफ्नो प्रतिबेदनमा समाबेश गर्न सक्नेछ ।

७. <u>भुक्तानी गर्दा ध्यान दिनुपर्नेः</u>(१) कार्यालयले योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्दा समिति वा वडा स्तरिय अनुगमन समितिले पेश गरेका अनुगमन प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

(२) योजना वा कार्यक्रमको अन्तिम भुक्तानी दिनु अघि अनुगमन प्रतिवेदनले औंल्याएका गम्भिर प्रकृतिका बिषयहरुमा आबस्यक सुधार गरेको ब्यहोरा सम्बन्धित प्राबिधिकबाट सुनिश्चित गरिएको हुनु पर्नेछ ।

## परिच्छेद-५

## बिबिध

८. यस कार्यबिधीमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका तथा अध्यक्षले गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको आबस्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ ।

९. यस कार्यबिधीका कुनै कुरा संसोधन गर्नु परेमा वा थपघट गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची-१

परिच्छेद ४ को दफा ५ सङ्ग सम्बन्धित

केदारस्युँ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,देउरा बझाङ

योजना अनुगमन समितिको प्रतिवेदन

मितिः...................................

**श्री केदारस्युँ गाउँपालिका,**

**गाउँकार्यपालिकाको कार्यालय**

**देउरा,बझाङ ।**

केदारस्युँ गाउँपालिकाको गाउँसभाले आ.ब.................मा सञ्चालनका लागि पारित गरेको तपशिल बमोजिमको योजना सञ्चालन पश्चात गाउँपालिका/वडा स्तरिय अनुगमन टोलीले योजनाको अनुगमन पेश गरी पेश गरेको अनुगमन प्रतिवेदन ।

**१.योजनाको नामः**........................................................

**२.योजना सञ्चालन भएको स्थानः**.............................................

**३.बिनियोजित रकमः**.....................जनश्रमदान...................... कुल लागतः...................

**४.सम्झौता मितिः**.....................सम्पन्न गर्नु पर्ने मितिः.................सम्पन्न भएको मिति...........

**५.अनुगमनमा देखिएका कुराहरुः**

| क्र.स | ब्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिम कार्य | | | |
| २ | उपभोक्ता समितिबाट जन श्रमदान | | | |
| ३ | सार्वजनिक परिक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सूचना पाटीमा (सबैले देख्ने ) | | | |
| ५ | वडा स्तरिय अनुगमन टोलीद्वारा योजनाको अनुगमन | | | |

केदारस्युँ गाउँपालिका

६: आयोजना सञ्चालनमा देखिएका समस्याहरु

१.......................................

२.......................................

३.......................................

४....................................

७. अनुगमन समितिको सुझाव

१.......................................

२.......................................

३.......................................

८. अनुगमन समितिको निष्कर्ष..

...............................................................................................................................................................................

.......................................................................................

९.अनुगमनमा संलग्न पदाधीकारीहरु

| क्र.स | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

अनुगमन सिमितको संयोजकः

नाम,थरः....................................

पदः.................................

हस्ताक्षरः............................

मिति....................................

# अनुसूची-२

## परिच्छेद ४ को दफा ५ सङ्ग सम्बन्धित

## केदारस्युँ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, देउरा बझाङ

## योजना - कार्यक्रम अनुगमन लगबुक

| सिन | योजना । कार्यक्रमको नाम | ठेगाना | अनुगमन गर्ने पदाधिकारीको नाम | पद | हस्ताक्षर | योजना अनुगमन मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

केदारस्युँ गाउँपालिका